## कालिमाटी गाउँ कार्यपालिकाको तेस्रो बैठक

आज मिति २०८२।५।२३ गते सोमबारका दिन विहान ८.०० बजेको समयमा कालिमाटी गाउँपालिकाका अध्यक्ष श्री दान बहादुर खत्री के.सी. ज्यूको अध्यक्षतामा तपसिल बमोजिम पदाधिकारीहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी देहाय बमोजिमका प्रस्तावहरु माथि छलफल भै देहाय बमोजिमका निर्णयहरु गरियो ।

### उपस्थिति:

| क्र.सं. | पदाधिकारीको नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दान बहादुर खत्री के.सी. | अध्यक्ष | |
| २ | श्री सनसिल्ता वली डि.सी. | उपाध्यक्ष | |
| ३ | श्री हर्क बहादुर वली | सचिव | |
| ४ | श्री रविलाल बस्नेत | कार्यपालिका सदस्य | |
| ५ | श्री ईन्द्र बहादुर वली | कार्यपालिका सदस्य | |
| ६ | श्री शिव बहादुर खत्री | कार्यपालिका सदस्य | |
| ७ | श्री वेल बहादुर चन्द | कार्यपालिका सदस्य | |
| ८ | श्री टोप बहादुर कार्की | कार्यपालिका सदस्य | |
| ९ | श्री टेकराज पुलामी मगर | कार्यपालिका सदस्य | |
| १० | श्री मित्रलाल रिजाल | कार्यपालिका सदस्य | |
| ११ | श्री सुमित्रा राना | कार्यपालिका सदस्य | |
| १२ | श्री लक्ष्मी सुनार | कार्यपालिका सदस्य | |
| १३ | श्री टंकी परियार | कार्यपालिका सदस्य | |
| १४ | श्री डिल्ली कामी | कार्यपालिका सदस्य | |
| १५ | श्री तिल कुमारी कामी | कार्यपालिका सदस्य | तिलकुमारी |
| १६ | श्री विष्णु वली राजी | कार्यपालिका सदस्य | |

### आमन्त्रित

| | | | |
|---|---|---|---|
| १ | श्री यज्ञ वहादुर खत्री | शाखा अधिकृत | |
| २ | श्री दीप बहादुर वली | एमआईएस अपरेटर | |
| ३ | श्री छविलाल खत्रि | कार्यालय सहयोगी | |

CamScanner

**प्रस्तावहरु:**

१. अघिल्लो बैठकको समिक्षा सम्वन्धमा ।

२. सडक मर्मत सम्वन्धमा ।

३. उपभोक्ता समिति गठन सम्वन्धमा ।

४. सडकहरुको खरिद विधि सम्बन्धमा ।

५. आर्थिक सहायता सम्वन्धमा ।

६. औषधी उपचार खर्च सम्वन्धमा ।

७. जलवायु परिवर्तन अनुकूलन परियोजनाको प्रस्तावना पेश सम्वन्धमा ।

८. प्रहरी चौकीको मौलो पुजा सम्वन्धमा ।

९. कार्यालय सहयोगी सेवा करारमा लिने सम्वन्धमा ।

१०. विविध

CamScanner

## निर्णयहरु:

**निर्णय नं. १**

कालिमाटी गाउँपालिका गाउँ कार्यपालिकाको पहिलो बैठकले गरेका निर्णयहरुको समीक्षा गरियो । निर्णयहरुको कार्यान्वयन सन्तोषजनक रुपमा भैरहेको पाईयो ।

**निर्णय नं. २**

कालिमाटी गाउँपालिका अन्तर्गत रहेका सबै वडाहरुको सडकहरु बाढी पहिरोका कारण क्षति भएकाले सो सडकहरुको मर्मत तथा सोरसार गर्नको लागि वडा स्तरीय उपभोक्ता समिति गठन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

कालिमाटी गाउँपालिको आर्थिक वर्ष २०८२।०८३ मा विनियोजित योजनाहरुको उपभोक्ता समिति मिति २०८२।०६।०६ गते भित्र गठन गरी उपभोक्ता समितिको विवरण कार्यालयमा उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ४**

कालिमाटी गाउँपालिको आर्थिक वर्ष २०८२।०८३ मा विनियोजित सडकहरु निर्माणको काममा स्थानीय सहभागिता र स्वामित्व सुनिश्चित गरी आयोजना संचालन गर्दा पारदर्शिता र गुणस्तरमा सुधार आउने भएकाले सबै सडहरु उपभोक्ता समिति मार्फत संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

कालिमाटी गाउँपालिका क्षेत्रभित्र अविरल वर्षाको कारण विभिन्न स्थानहरुमा देखिएका विपद्को जोखिमका कारण नागरिकहरुमा प्रत्यक्ष प्रभाव परेकाले पीडित परिवारहरुलाई असहज परिस्थितिमा राहत पुऱ्याउने उद्देश्यले तत्काल आवश्यकताका आधारमा तपसिल बमोजिमको आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

**तपसिल**

| क्र.सं. | नाम | ठेगाना | आर्थिक सहायता | कै |
|---|---|---|---|---|
| १ | श्री शेर बहादुर खत्री | कालिमाटी ३ | ५ हजार | |
| २ | श्री धन बहादुर वली | कालिमाटी ६ | २० हजार | |
| ३ | श्री गेश्मा परिवार | कालिमाटी २ | १५ हजार | |
| ४ | श्री मनकली पुन | कालिमाटी २ | १५ हजार | |

CamScanner

| | | | | |
|---|---|---|---|---|
| ५ | श्री लाल बहादुर वली | कालिमाटी २ | १५ हजाचर | |
| ६ | श्री धनसरी खत्री | कालिमाटी २ | ५ हजार | |
| ७ | श्री भुप बहादुर खत्री | कालिमाटी ३ | १५ हजार | |
| ८ | श्री शर्मिला वि.क. | कालिमाटी २ | १५ हजार | |
| ९ | श्री झुपसिं वली | कालिमाटी ४ | १५ हजार | |
| १० | श्री भक्ते खत्री | कालिमाटी ३ | १५ हजार | |
| ११ | श्री जित बहादुर खत्री | कालिमाटी ४ | २० हजार | |
| १२ | श्री अम्बर बहादुर खत्री | कालिमाटी २ | १० हजार | |
| १३ | श्री गोपि कुमारी वली | कालिमाटी २ | २० हजार | |
| १४ | श्री केशर कँवर | कालिमाटी ३ | १५ हजार | |
| १५ | श्री नेती कँवर | कालिमाटी ३ | १५ हजार | |
| १६ | श्री लाल बहादुर वली | कालिमाटी २ | १५ हजार | |

<u>विपद तर्फ - जाली तथा तटबन्धन र पाइप खरिद</u>

| क स | नाम | क्षतिको विवरण | रकम व्यहोर्ने निकाय |
|---|---|---|---|
| १ | श्री देवीकला थापा | कालिमाटी २ बाखखोर क्षेत्रमा अविरल बर्षाका कारण धानखेतमा क्षति पुऱ्याएकाले बाखखोर, सुकेताल झिगाने, ठारोखोला नियन्त्रणका जाली तथा तटबन्ध निर्माण गर्ने | पालिका द्वारा जाली खरिद रु १ लाख ५० हजार |
| २ | श्री देव वहादुर बुढा | | फाउण्डेसन निर्माणको लागि रु ५० हजार |
| ३ | श्री प्रेम वहादुर सापकोटा | | |
| ४ | श्री पूर्णकली गुरुङ | | |
| ५ | श्री केशर सिं बुढाथोकी | अविरल वर्षाका कारण कालिमाटी ३ राजीगाउँ तल्लो मन्दिर क्षेत्रमा ठुलो पहिरो गई सिचाई कुलोमा क्षति पुऱ्याएकाले प्राविधिक इष्टमेटका आधारमा सिचाई पाइप उपलब्ध गराउने | पालिका द्वारा सिचाई पाइप खरिद गर्ने |

| | | | |
|---|---|---|---|
| ६ | श्री गणेश आधारभूत विद्यालय कालिमाटी- ७ स्वामिवास सल्यान | अविरल वर्षाका कारण विद्यालय भवनमा क्षति पुऱ्याएकाले पक्की भवन निर्माणका लागि बजेट व्यवस्थापन गर्ने | विपद व्यवस्थापन कोषबाट भुक्तानी हुने गरी रु १० लाख बजेट विनियोजन गर्ने |

<u>निर्णय नं. ६</u>

कालिमाटी गाउँपालिका वडा नं. ४ का वडा अध्यक्ष श्री वेल बहादुर चन्द र वडा नं. ५ का वडा अध्यक्ष श्री टोप बहादुर कार्कीको स्वास्थ्यमा गम्भीर समस्या उत्पन्न भई काठमाडौं र नेपालगञ्जमा उपचार्थ रहेको हुँदा औषधी उपचार खर्च स्वरुप जनही रु ५० हजार उपलब्ध गराउने निर्णय गरियो

<u>निर्णय नं. ७</u>

जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना कार्यान्वयनका लागि प्रस्तावना आह्वान सम्बन्धी मिति २०८२।०५।११ गतेको प्राप्त पत्रानुसार यस कालिमाटी गाउँपालिकामा परियोजना कार्यान्वयन गर्नको लागि पूँजीगत शीर्षकमा कम्तीमा २० प्रतिशत लागत साझेदारी गर्नको लागि प्रस्तावना पेश गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. ८</u>

कालिमाटी गाउँपालिका क्षेत्रभित्र रहेका प्रहरी चौकीहरुले बडा दशैको शुभअवसरमा हातहतियार तथा मौलो पुजा गर्ने परम्परा रहेको हुँदा सो मौलो पुजा कार्यक्रमको लागि इलाका प्रहरी कार्यालय रामपुर रु २०,०००।- प्रहरी चौकी बालुवा रु १५,०००।- प्रहरी चौकी घुइयावारी रु १५,०००।- रकम उपलब्ध गराउने निर्णय गरियो ।

<u>निर्णय नं. ९</u>

कालिमाटी गाउँपालिका वडा नं. ५ वडा कार्यालयमा कार्यरत कार्यालय सहयोगी बालकृष्ण खड्काको मिति २०८२।०४।१३ असमायिक निधन भएकाले रिक्त कार्यालय सहयोगी पदमा तपसिलको योग्यता कायम गरी छनौट प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

निर्णय पुस्तिका

तपसिल

१. नेपाली नागरिक

२. उमेरः- १८ देखि ४५ वर्ष

३. शैक्षिक योग्यताः- साधारण लेखपढ

४. कुनै फौजदारी कसुर नलागेको

५. सम्बन्धित वडा बासीलाई ग्राहयता दिने

६. दरखास्त शुल्कः- रु ३०० (अक्षरुपी तीनसय मात्र)

निर्णय नं. १०

क. आउँदै गरेको विजयादशमी, शुभदीपावली तथा छठ पर्वको अवसमा शुभकामना कार्ड छपाई तथा शुभकामना सन्देश प्रवाह गर्नको लागि प्रति वडा रु १० हजार उपलब्ध गराउने निर्णय गरियो । साथै कार्यपालिका सदस्यहरुको लागि जनही ५ हजार उपलब्ध गराउने निर्णय गरियो ।

ख. कालिमाटी गाउँपालिकाको आ.ब. २०८१।०८२ को विनियोजित रकमबाट ठेक्का आहान भई विभिन्न मितिमा भएको सम्झौता अनुसार तपसिल बमोजिमका ठेक्का सम्झौता मिति भित्र अविरल वर्षाका कारण निर्माण कार्य निर्धारित समयमा सम्पन्न हुन नसकेको र निज निर्माण व्यावसायीहरु बाट म्याद थप गरिपाउँ भनी दिएका निवेदन उपर छलफल गर्दा तपसिल बमोजिमका योजनाहरुको म्याद थप गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | ठेक्का नं. | योजनाको नाम | म्याद थप |
|---|---|---|---|
| १ | KRM/NCB/WORKS/2081/082/9 | जुगेना,फारुला,पैयाकौडा,किमिरे,कालाखोला,सेतीखोला सडक निर्माण योजना कालिमाटी २ र३ | ६ महिनाको लागि पौष मसान्त सम्म म्याद थप गर्ने |
| २ | KRM/NCB/WORKS/2081/082/9 | किमिरे रामपुर सडक निर्माण योजना कालिमाटी ३ | |
| ३ | KRM/NCB/WORKS/2081/082/9 | सिम्ले छहरा पर्यटन विकास योजना कालिमाटी ५ | |
| ४ | KRM/NCB/WORKS/2081/082/9 | मर्चेवारी चोप्रे सडक निर्माण योजना कालिमाटी १ | |
| ५ | KRM/NCB/2081/082/9 | कोट बयाले लिफ्ट खानेपानी योजना कालिमाटी १ | |

CamScanner

ग. यस कालिमाटी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय पशु सेवा शाखा सल्यानमा पशु स्वास्थ्य प्राविधिक पदमा कार्यरत श्री टेक वहादुर विश्वकर्माले स्नातक तह **B.V.Sc and AH** अध्ययन गर्नको लागि दिएको निवेदन उपर छलफल गर्दा निजलाई अध्ययन विदा दिन मनासिव देखिएकाले सो विदा स्वीकृत गर्ने निर्णय गरियो ।